## नेपाल दूरसञ्चार कम्पनी लिमिटेड
## सञ्चालक समितिको १०४३ औं बैठक

नेपाल दूरसञ्चार कम्पनी लिमिटेड, सञ्चालक समितिको १०४३ औं बैठक कम्पनीको केन्द्रीय कार्यालय, भद्रकाली प्लाजा, काठमाण्डौमा मिति २०८१ साल मंशिर १३ गते बेलुका ४:३० बजेदेखि बसी निम्नलिखित निर्णय गरियो :-

उपस्थितिः-

| सि. नं. | नाम | प्रतिनिधित्व | पद | दस्तखत |
|---|---|---|---|---|
| १. | श्री राधिका अर्याल | सचिव, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | अध्यक्ष | |
| २. | श्री धनिराम शर्मा | सह-सचिव, अर्थ मन्त्रालय | सदस्य | |
| ३. | श्री कोशहरि निरौला | सह-सचिव, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | सदस्य | |
| ४. | श्री कोमल बहादुर खत्री | सह-सचिव, कानून न्याय तथा संसदीय मामिला मन्त्रालय | सदस्य | |
| ५. | श्री संगीता पहाडी (अर्याल) | प्रबन्ध निर्देशक, नेपाल दूरसञ्चार कम्पनी लिमिटेड | सदस्य | |
| ६. | श्री मनिष जङ्ग जोशी | प्रतिनिधि, सर्वसाधारण सेयरधनी | सदस्य | |
| ७. | | प्रतिनिधि, कर्मचारी | सदस्य | नतोकिएको |
| ८. | श्री द्वारिका प्र. पौडेल | नेपाल दूरसञ्चार कम्पनी लिमिटेड | कम्पनी सचिव | |

छलफलका विषयहरू :-

१. कम्पनीको कर्मचारी विनियमावली, २०७८ संसोधन ।(प्रस्ताव नं. ३२)

निर्णयहरु :-

४०५३. नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको कर्मचारी विनियमावली, २०७८ मा संशोधन ।(प्रस्ताव नं. ३२)

साविक नेपाल दूरसञ्चार सँस्थान र नेपाल दूरसञ्चार कम्पनीमा ज्यालादारी तथा करारमा नियुक्ति भई सेवा नटुटाई स्थायी भएका कर्मचारीहरु मध्ये उमेरहदले अनिवार्य अवकाश हुँदा निवृत्तिभरणका लागि तोकिए बमोजिमको सेवा अवधि नपुगी निवृत्तिभरणविहिन हुने कर्मचारीहरुको अवकाश पछिको जीवनयापन सहज

द्वारिका प्रसाद पौडेल
कम्पनी सचिव

बनाउन त्यस्ता कर्मचारीहरुलाई थप आर्थिक सुविधा उपलब्ध गराउनको लागि सञ्चालक समितिको मिति २०८०।०९।०३ को निर्णय नं. ३९६० बाट नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको कर्मचारी विनियमावली, २०७८ तेश्रो संशोधनको मस्यौदा उपर परामर्शका लागि नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय मार्फत लोक सेवा आयोग समक्ष अनुरोध गरिएकोमा सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, संस्थान समन्वय शाखाको मिति २०८१।०८।१३ को लोक सेवा आयोग र अर्थ मन्त्रालयको परामर्श सहितको प्राप्त पत्र तथा कम्पनीको व्यवस्थापनबाट प्रस्तावमा सिफारिस भए अनुसार नेपाल दूरसञ्चार कम्पनी लिमिटेड कर्मचारी विनियमावली, २०७८ मा देहाय बमोजिम तेस्रो संशोधन गरी लागू गर्ने ।

**<u>नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको कर्मचारी विनियमावली (तेश्रो संसोधन), २०७८</u>**

नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको प्रबन्धपत्रको दफा ४ को खण्ड (छ) को उपखण्ड (२५) ले दिएको अधिकार प्रयोग गरी नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको सञ्चालक समितिले देहायको विनियम बनाई लागू गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस विनियमको नाम "**नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको कर्मचारी विनियमावली (तेश्रो संसोधन), २०७८**" रहेको छ ।

(२) यो विनियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. <u>नेपाल दूरसञ्चार कम्पनी लिमिटेड कर्मचारी विनियमावली, २०७८ को विनियम १४४ मा संशोधनः</u>

नेपाल दूरसञ्चार कम्पनी लिमिटेड कर्मचारी विनियमावली, २०७८ को विनियम १४४ को उपविनियम पछि देहायको उपविनियम (४) राखिएको छः-

"(४) सम्बत् २०६४ चैत्र मसान्त अगावै कम्पनीको स्थायी सेवामा प्रवेश गरी विनियम १३७ बमोजिम उमेरहदका कारण अनिवार्य अवकाश हुँदा त्यस्ता कर्मचारीहरुको उपविनियम (१) बमोजिम निवृत्तिभरणको लागि योग्य नभएमा निजको सञ्चित घर बिदा जोडी सेवा अवधि गणना गरिनेछ । यसरी गणना गर्दा समेत निवृत्तिभरणका लागि योग्य नभएमा २० (बीस) वर्ष सेवा अवधि नबढ्ने गरी बढीमा २ (दुई) वर्षसम्म नपुग सेवा अवधि थप गरी निवृत्तिभरण प्रदान गरिनेछ ।

तर निवृत्तिभरण प्रयोजनका लागि सेवा अवधिमा गणना गरिएको सञ्चित घर बिदाको रकम पाईने छैन ।"

*(अध्यक्षज्यूबाट सबैलाई धन्यवाद दिँदै आजको बैठक समाप्त भयो ।)*

द्वारिका प्रसाद पौडेल
कम्पनी सचिव